भद्रपुर नगरपालिका

# स्थानीय राजपत्र

प्रदेश नं१., झापा, नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ४ भद्रपुर, फागुन १९ गते, २०७७ साल, संख्या ७

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**भद्रपुर नगरपालिकाको**
**युवा तथा लक्ष्यित समूह स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

*स्वीकृत मिति २०७७/१०/१३*

*प्रमाणीकरण मिति २०७७/११/१८*

# प्रस्तावना

भद्रपुर नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, विपन्न र निम्न मध्यम वर्गीय युवायुवतीहरूमा रहेको श्रम, सीप र क्षमताको प्रवर्द्धन गर्दै उनीहरुमा थप आयआर्जन, सीप विकास र क्षमता अभिवृद्धि मार्फत स्वरोजगार सृजना गर्दै गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्य परिपांप्ती गर्न र कार्यक्रम कार्यान्वयनमा स्पष्टता, पारदर्शिता र एकरुपता स्थापित गर्न कार्यविधि बनाई लागू गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को खण्ड (च) २ तथा दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नामः "भद्रपुर नगरपालिकाको युवा तथा लक्ष्यित समूह स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ रहेकोछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

(३) यो कार्यविधि भद्रपुर नगरपालिकाभित्र लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"नगरपालिका"** भन्नाले भद्रपुर नगरपालिकालाई जनाउँछ।

(२) **"वडा"** भन्नाले भद्रपुर नगरपालिकाको वडालाई जनाउँछ।

(३) **"कार्यालय"** भन्नाले भद्रपुर नगरपालिकाको कार्यालयलाई जनाउँछ।

(४) **"कार्यालय प्रमुख"** भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(५) **"कार्यविधि"** भन्नाले भद्रपुर नगरपालिकाको युवा तथा लक्ष्यित समूह स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई जनाउँछ।

(६) **"कार्यक्रम"** भन्नाले प्राविधिक ज्ञान र सीपको अभावमा उद्यम तथा व्यवसायमा लाग्न नसकेका वा ज्ञान, सीप भए तापनि आवश्यक पुँजीको अभावले उद्यम, व्यापार, व्यवसाय सञ्चालन गरी स्वरोजगार हुन नसकेका युवा तथा लक्षित समूह वा उनीहरूद्धारा सञ्चालित संस्थाहरूलाई प्रदान गरिने क्षमता अभिवृद्धि, सीप विकास, आयआर्जन तथा लगानी सहयोग गर्ने समेतका क्रियाकलापहरूलाई जनाउँछ।

(७) **"कृषि"** भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदिसँग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसायहरू समेतलाई जनाउँछ।

(८) **"कृषक"** भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएको व्यक्तिलाई जनाउँछ।

(९) **"समूह"** भन्नाले सामूहिक उद्देश्य प्राप्तिका लागि युवा तथा लक्ष्यित वर्गको संलग्नतामा न्यूनतम ५ जना व्यक्तिहरू रहि गठन भएका कृषि, पशु, उद्यम विकास आदि समूहलाई जनाउँछ।

(१०) **"स्वरोजगार"** भन्नाले कुनै पनि युवा वा लक्षित समूह वा संस्थाले सञ्चालन गरेको व्यापार, व्यवसाय वा उद्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आय आर्जन भएको अवस्थालाई जनाउँछ।

(११) **"संस्था"** भन्नाले नगरपालिकाबाट गठित टोल विकास संस्था वा गैरसरकारी संस्थाहरूलाई जनाउँछ ।

(१२) **"उद्यम"** भन्नाले कुनै युवा वा लक्षित समूह वा संस्थाले सञ्चालन गरेको कृषि तथा गैर भघकृषि क्षेत्रको व्यापार, व्यवसाय वा उद्योगलाई जनाउछ ।

(१३) **"उद्यमी"** भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने युवा वा लक्षित समूह वा संस्थालाई जनाउँछ ।

(१४) **"लघु उद्यम"** भन्नाले औद्योगिक व्यावसाय ऐन, २०७६ ले परिभाषा गरेअनुरुपका लघु उद्यम सम्झनुपर्छ ।

(१५) **"सीप विकास"** भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान तथा सीपमूलक तालिमलाई जनाउँछ ।

(१६) **"क्षमता अभिवृद्धि"** भन्नाले कुनै युवा वा लक्षित समूह वा संस्थाहरूले स्वरोजगार सृजनाका लागि कुनै उद्यम, व्यापार व्यवसायसँग सम्बन्धित ज्ञान सिप सम्बन्धि तालिम कार्यक्रमलाई जनाउँछ ।

(१७) **"विशिष्ट तालिम"** भन्नाले एक पटक सीप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्चस्तरको तालिमलाई जनाउँछ । यस शब्दले आधारभूत सिप प्राप्त उद्यमीलाई दिईने थप तालिमलाई समेत जनाउँछ ।

(१८) **"बजारीकरण"** भन्नाले लघु उद्यमबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई जनाउँछ ।

(१९) **"युवा"** भन्नाले १६ वर्ष उमेरदेखि ४० वर्ष उमेर समूहको व्यक्तिलाई जनाउँछ ।

(२०) **"लक्षित समूह"** भन्नाले स्वरोजगार सिर्जनाका लागि कुनै उद्यम, व्यापार, व्यवसायमा संलग्न हुन चाहने इच्छुक व्यक्ति वा समूहलाई जनाउँछ र सो शब्दले विपन्न किसान, मजदुर र साना व्यवसायी समेतलाई जनाउँछ ।

(२१) **"निर्देशक समिति"** भन्नाले दफा ७ बमोजिमको निर्देशक समितिलाई जनाउँछ ।

(२२) **"कोष"** भन्नाले दफा ६ बमोजिम स्थापना गरिने युवा स्वरोजगार कोषलाई जनाउँछ ।

(२३) **"लगानी"** भन्नाले कुनै युवा वा लक्षित समूह वा संस्थाको व्यवसायिक योजना अनुसार साझेदारी हुने गरी दफा ८ बमोजिम प्रदान गरिने रकमलाई जनाउँछ ।

(२४) **"सम्झौता"** भन्नाले कार्यक्रम सञ्चालन गर्दा कुनै युवा वा लक्ष्यित समूह वा संस्थासँग गरिने दुई पक्षीय लिखित दस्ताबेजलाई जनाउँछ ।

(२५) **"फोकल पर्सन"** भन्नाले युवा स्वरोजगार कार्यक्रम हेर्न तोकिएको नगरपालिकाको पदाधिकारीलाई जनाउँछ ।

**३. लक्ष्यः**

युवा तथा लक्षित समूहलाई व्यवसायिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गरी पुँजीको सही परिचालनका माध्यमबाट उद्यम तथा व्यापार व्यवसायमा संलग्न गराउँदै समृद्ध भद्रपुर नगर निर्माण गरिनेछ ।

**४. उद्देश्यः**

युवा तथा लक्षित समूह स्वरोजगार कार्यक्रमका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् ।

(क) युवा तथा लक्षित समूहलाई जीवन उपयोगी एवं जिवन निर्वाह गर्ने व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी स्वरोजगार सिर्जना गर्ने ।

(ख) व्यवसायिक उद्यम विकास तथा प्रवर्द्धनका लागि नेपाल सरकारको नीतिअनुरुप वित्तीय संस्थाहरू मार्फत प्रवाह हुने सहुलियत कर्जामा पहुँज पुऱ्याउने ।

(ग) सहकारिता तथा सामुहिक व्यवसायको भावना विकास गर्दै पुँजी परिचालन र उद्यम व्यवसाय विकासमा सहयोग गर्ने ।

(घ) परम्परागत सिपको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्दै व्यवसायिक रुपान्तरण गर्ने ।

## परिच्छेद-२
## लक्षित समूह तथा वर्ग

**५. कार्यक्रमका लक्षित समूहः**

(१) वैदेशिक रोजगारबाट फर्केका, पुँजीको अभाव भएका स्थानीय स्तरमा उद्यम व्यवसाय गर्न इच्छुक युवा वा लक्षित समूह,

(२) सिप भएका, सानोतिनो व्यवसाय सञ्चालन गरिरहेका तर पुँजी, सिप र ज्ञानको अभावमा भनेजस्तो गरी व्यापार व्यवसाय वा उद्यम गर्न नसकेका समूह,

(३) समुदायस्तरका सङ्गठित समूह नगरपालिकामा दर्ता भएको हुन पर्नेछ ।

## परिच्छेद ३
## कोषको स्थापना र सञ्चालन

**६. कोषको स्थापनाः**

(१) यो कार्यक्रम सञ्चालनको लागि “युवा तथा लक्षित समूह स्वरोजगार कोष” को नामले एउटा अलग्गै कोष स्थापना गरिनेछ । उक्त कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ :

(क) नगरसभाबाट विनियोजित रकम,

(ख) संघीय सरकार र प्रदेश सरकारले उपलब्ध गराएको रकम,

(ग) उद्यम विकासका प्रशिक्षार्थीहरुले उत्पादन गरेका सामग्रीहरुका बिक्रीबाट प्राप्त रकम,

(घ) कुनै दातृ निकाय वा संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(ङ.) नगरपालिकाले कुनै परियोजना सञ्चालनका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट प्राप्त गरेको वा कर्जा लिएको रकम ।

(२) कोषको सञ्चालनका लागि नगरपालिकाको नाममा युवा
। तथा लक्षित समुह स्वरोजगार कोषको स्थानीय बैंकमा छुट्टै खाता खोलिनेछ ।

(३) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

(५) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(६) कोषको रकम निर्देशक समितिको निर्णयबाट तोकिएबमोजिम उपयोग र परिचालन गर्नुपर्नेछ ।

## परिच्छेद-४
## निर्देशक समितिको व्यवस्था

## ७ .निर्देशक समितिको गठन र काम, कर्तव्य र अधिकार :

**(१) कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ ।**

| | | |
|---|---|---|
| (क) | नगरप्रमुख | संयोजक |
| (ख | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) | नगर युवा परिषद्को उपाध्यक्ष | सदस्य |
| (च) | संयोजकले तोकेको युवा उद्यमी महिला प्रतिनिधि १ जना | सदस्य |
| (छ) | संयोजकले तोकेको वैदेशिक रोजगारमा गई हाल उद्यम व्यवसाय सञ्चालन गरिरहेका मध्ये १ जना | सदस्य |
| (ज) | अर्थशास्त्र वा अन्य विषयमा स्नातकोत्तर गरी सामाजिक आर्थिक विकासका क्षेत्रमा कम्तीमा ५ वर्ष काम गरेको संयोजकले तोकेको विज्ञ १ जना | सदस्य |
| (झ) | वित्तीय क्षेत्रमा क्रियाशील संस्थाहरुबाट संयोजकले तोकेको प्रतिनिधि २ जना | सदस्य |
| (ञ) | कार्यक्रम हेर्ने अधिकृतस्तरको तोकिएको कर्मचारी | सदस्य सचिव |

**(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) युवा तथा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालनको लागि कोष स्थापनाको व्यवस्था गर्ने,

(ख) कार्यक्रममा सहभागिताका लागि परेका निवेदनहरु मध्ये लक्षित वर्गहरुको पहुँच यकिन गर्ने,

(ग) वार्षिक कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने गराउने,

(घ) समितिमा प्राप्त व्यवसायिक योजनाको अध्ययन गरी स्वीकृत गर्ने,

(ङ) कार्यक्रम सञ्चालनको क्रममा आइपर्ने नीतिगत अस्पष्टताको व्याख्या गर्ने,

(च) त्रैमासिक रुपमा कार्यक्रमको समीक्षा गरी आवश्यक पृष्ठपोषण र निर्देशन दिने,

(छ) छनौट गर्नु पुर्व र सञ्चालनमा रहेका व्यवसायीक योजनाहरुको प्रभावकारी अनुगमन र सुपरिवेक्षण गरी उद्देश्य प्राप्तिमा देखिएका समस्याहरुको समाधान गर्ने,

(ज) सफल युवा उद्यमी वा व्यावसायीहरुको अनुभवहरुलाई प्रचार प्रसार र आदान प्रदान गर्ने ।

(झ) उपदफा (३) बमोजिमको कार्यसम्पादन उप समिति गठन गरी आवश्यक जिम्मेवारी दिई कार्यक्रममा परिचालन गर्ने गराउने ।

(ञ) लगानी परिचालनको लागि बैंक वा वित्तीय संस्थाहरुलाई सिफारिस गर्ने, ऋणबापत जमानी बस्नु पर्ने भए सोको व्यवस्था गर्ने ।

(ट) युवा तथा साना व्यवसायी स्वरोजगार कोष, कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को दफा ५ मा उल्लेखित स्थानीय समन्वय तथा अनुगमन समितिको रुपमा सो कार्यविधिमा उल्लेख भएबमोजिमका कार्यहरु गर्ने ।

**(३) युवा तथा लक्षित समूह स्वरोजगार कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कार्यसम्पादन उप समिति गठन हुनेछ ।**

(क) निर्देशक समितिका सदस्यहरुमध्येबाट नगर प्रमुखले तोकेको सदस्य - संयोजक

(ख) योजना तथा तथ्याङ्क शाखा प्रमुख - सदस्य
(ग) कार्यक्रम हेर्ने फोकल पर्सन - सदस्य-सचिव

**(४) उपदफा (३) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) रीतपूर्वक प्राप्त व्यवसायीक योजनाहरुको अभिलेखीकरण गरी आवश्यक छानविन गरी निर्देशक समितिमा पेश गर्ने,

(ख) बैंक तथा वित्तीय संस्थाहरुका लागि आवश्यक पर्ने कागजात व्यवस्थापनका लागि सहयोग गर्ने,

(ग) अनुगमन मूल्यांकनको ढाँचा र समय तालिका तर्जुमा गरी अनुगमन मूल्यांकनको लागि निर्देशक समितिमा पेश गर्ने ।

(घ) कार्यक्रमको त्रैमासिक प्रतिवेदन तयार गरी समिक्षाको लागि निर्देशक समितिमा पेश गर्ने,

(ङ) निर्देशक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

## ८. फोकल पर्सन सम्बन्धी व्यवस्था :

(१) कार्यक्रम संचालन गर्न एक जना फोकल पर्सनको व्यवस्था गरिनेछ ।

(२) निर्देशक समितिका सदस्यहरु मध्येबाट संयोजकले तोकेको सदस्य फोकल पर्सन रहनेछ ।

(३) फोकल पर्सनले तोके बमोजिम कार्य सम्पादन गर्नेछ ।

(४) नगर कार्यपालिका बैठकले निर्णय गरी फोकल पर्सनलाई सहायक स्तरको कर्मचारी सरहको सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(५) फोकल पर्सन जनप्रतिनिधि वा कर्मचारी रहेको भए दोहोरो सुविधा उपलब्ध गराइने छैन ।

# परिच्छेद-५
# कार्यक्रम सञ्चालनका क्षेत्र र विधि

## ९. कार्यक्रम सञ्चालन क्षेत्र :

**(१) युवा तथा लक्षित समूह स्वरोजगार कार्यक्रम सञ्चालनका क्षेत्रहरु निम्न बमोजिम हुनेछन् ।**

(क) व्यवसायिक कृषि तथा पशु विकास ।

(ख) साना उद्यम/व्यापार व्यवसाय ।

(ग) सहकारितामा आधारित उत्पादनमूलक कार्य ।

(घ) स्थानीय कच्चा पदार्थमा आधारित कुटीर उद्योग सञ्चालन ।

(ङ) व्यवसायिक पर्यटन सेवा ।

## १०. कार्यक्रम सञ्चालनको विधिः

**(१) कार्यक्रम सञ्चालन देहायबमोजिम हुनेछ ।**

(क) कार्यक्रममा सहभागी हुन चाहने दफा (५) बमोजिमका युवा तथा लक्षित समूहले अनुसूची १ र २ बमोजिमको निवेदन र फारम भरी निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

(ख) प्राप्त निवेदनहरलाई दफा (७) को उपदफा (३) बमोजिम गठित कार्यसम्पादन समितिले आवश्यक छानबिन गरी कार्यान्वयनका लागि सिफारिससहित निर्देशक समितिमा पेश गर्नेछ ।

(ग) निर्देशक समितिबाट निर्णय भई छनोट भएका प्रस्तावित उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पुँजी परिचालन गर्नका लागि निर्देशक समितिले निर्णय गरी तोकेबमोजिमको रकम तोकिएको व्याजदरमा नगरपालिकाले दफा ६ बमोजिमको कोषबाट ऋणस्वरुप उपलब्ध गराउन सक्नेछ ।

(घ) खण्ड (ग) बमोजिम कोषबाट ऋण उपलब्ध हुन नसकेको अवस्थामा निर्देशक समितिले उपयुक्त ठहराएमा बैंक वा वित्तीय संस्थाहरुमा अधिकतम रु. पाँच लाखसम्म नगरपालिका जमानी बसी ऋण सहयोगका लागि सिफारिस गरिनेछ । यसरी ऋणबापत प्राप्त भएको रकममा लाग्ने ब्याजमध्ये पचाँस प्रतिशत सम्बन्धित ऋणिले र पचास प्रतिशत ब्याज नगरपालिकाले अनुदानस्वरुप उपलब्ध गराउनेछ ।

(ङ) स्वीकृत व्यवसायीक योजना अनुसार उद्यमीहरुलाई आवस्यक पर्ने व्यवसायिक ज्ञान, सीप र प्रविधिको लागि आधारभूत वा विशिष्ट तालिमको खर्च व्यवसायिक योजनामै समावेश भएको हुनुपर्नेछ ।

(च) समूहमा उद्यम व्यवसाय सञ्चालन गर्नेहरुलाई तथा लागत सहभागिता हुने परियोजनालाई प्राथमिकतामा राखिनेछ ।

(छ) बैंक वा वित्तीय संस्थाहरुलाई आवश्यक पर्ने कागजात र प्रक्रियाहरु पुरा गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित उद्यमी र व्यवसायीहरुको हुनेछ ।

(ज) बैंक वा वित्तीय संस्थानहरुलाई नियमानुसार बुझाउनु पर्ने साँवा ब्याज तिर्ने दायित्व बन्धित उद्यमी व्यवसायिको हुनेछ ।

(झ) आफुले कबुल गरेको ब्याज अनुदान वापतको रकम नगरपालिकाले भुक्तानी दिनेछ ।

(ञ) उद्यमी व्यवसायीले आफुले कबोल गरेको साँवा वा ब्याज नतिरेमा जमानी बस्ने पक्षका रुपमा रहेको नगरपालिकाबाट निजहरुले प्राप्त गर्ने सबै सेवा सुविधाहरु रोक्का गरी असुलउपर गरिनेछ ।

(ट) यस कार्यक्रमअन्तर्गत सञ्चालित उद्यम व्यवसायको प्रगति र सफलताका आधारमा निर्देशक समितिको निर्णयअनुसार उद्यम व्यवसाय विकास, विस्तार र प्रर्वद्धनका लागि कोषबाट थप पुँजीको परिचालन गर्न सकिनेछ ।

## परिच्छेद-६
## अनुगमन, मूल्यांकन र प्रतिवेदन

**११. अनुगमन तथा मूल्यांकन :**

(१) कार्यक्रममा संलग्न उद्यम व्यवसायको सम्बन्धित वित्तीय संस्थाको प्रतिनिधिसहित निर्देशक समितिले कार्यसम्पादन समितिले निर्धारण गरेको ढाँचा र समय तालिका अनुसार नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्नेछ ।

(२) अनुगमन मूल्यांकनका लागि सूचकहरु निर्धारण गरिनेछ ।

(३) अनुगमनको क्रममा निर्देशक समितिले दिएको निर्देशन वा सुझाव पालना गर्नु सम्बन्धित उद्यमी वा व्यवसायीको कर्तव्य हुनेछ ।

(४) यस कार्यक्रम अन्तर्गत उद्यम वा व्यवसायमा संलग्न हुने व्यक्तिहरुले नगरपालिकामा व्यवसाय दर्ता गरी वार्षिक नविकरण र प्रगति प्रतिवेदनसमेत बुझाउनु पर्नेछ ।

## परिच्छेद ७
## विविध

### १२. अनुसूचीमा हेरफेर :

यस कार्यबिधिको अनुसूचीमा कुनै संशोधन वा थपघट गर्नु परेमा निर्देशक समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

### १३. बिनियम बनाउन सक्ने

यो कार्यबिधिको कार्यन्वयनका लागि नगरपालिकाले विनियम बनाउन सक्नेछ ।

### १४. बाधा अड्काउ फुकाउने :

(क) यस कार्यबिधिको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई आई परेमा सो बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(ख) यस कार्यबिधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले ब्याख्या गर्नेछ । कार्यपालिकाले गरेको व्याख्या बमोजिम गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । यस सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णय यो कार्यबिधिको अङ्ग मानिनेछ ।

### १५. कार्यविधिमा संशोधन :

यस कार्यबिधिमा संशोधन, थपघट तथा खारेज गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

### १६. अमान्य हुने :

यस कार्यबिधिमा भएका प्रावधानहरु प्रचलित कानूनसँग बाँझिएको पाइएमा बाँझिएको हदसम्म यस कार्यबिधिका प्रावधानहरु अमान्य हुनेछन् ।

### १७. बचाउ :

यस अघि नगरपालिकाले संचालन गरेका युवा तथा लक्षित समूह स्वरोजगार कार्यक्रम सम्बन्धी सम्पूर्ण काम कारवाहीहरु यसै कार्यबिधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची १
## दफा (८) को उपदफा (२) (क) सँग सम्बन्धित
## आवेदन

मितिः ....................

श्रीमान् नगर प्रमुखज्यू
भद्रपुर नगरपालिका
भद्रपुर, झापा ।

**विषयः युवा तथा लक्षित समूह स्वरोजगार कार्यक्रमका लागि व्यवसायिक योजना पेश गरेको ।**

उपरोक्त सम्बन्धमा हामी भद्रपुर नगरपालिकामा वडा नं. .......... मा बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरु संलग्न भई ........................................................................................ व्यवसायिक योजना सञ्चालन गर्न इच्छुक भएको हुँदा आवश्यकता प्रक्रिया पुरा गरी योजना सञ्चालनमा सहयोगका लागि सादर अनुरोध गर्दछौं ।

निवेदकहरु
हस्ताक्षर ...............
नाम थर . ....................................
सम्पर्क नं. ....................................
हस्ताक्षर ...............
नाम थर . ....................................
सम्पर्क नं. ....................................

**नोटः संलग्न हुन पर्ने कागजातहरु**
(क) सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
(ख) वैदेशिक रोजगारीबाट फर्केको हकमा पासपोर्ट वा अन्य प्रमाणित कागजात ।
(ग) सम्बन्धित टोल विकास संस्था र वडा समितिको सिफारिस ।
(घ) अनुसूची २ बमोजिमको उद्यम वा व्यवसायिक योजना प्रस्ताव ।

**अनुसूची-२**
**दफा (८) को उपदफा (२) (क) सँग सम्बन्धित**
**उद्यम वा व्यवसायिक योजनाको प्रस्ताव**

१.उद्यम वा व्यवसायको नामः ...........................................................................
२. उद्यम वा व्यवसाय सञ्चालन हुने स्थान : भद्रपुर नगरपालिका वडा नं. ........ टोल विकास संस्थाको नामः ...................................................................................................
३. उत्पादन हुने वस्तु तथा सेवाको विवरण
....................................................................................................................................
....................................................................................................................................

**४. उत्पादन तथा विक्री लक्ष्यः (वार्षिक)**

| विवरण | उत्पादन लक्ष्य | विक्री लक्ष्य | कैफियत |
|---|---|---|---|
| | | | |

**५. लगानी योजना (खर्च विवरण)**

| क्र.सं. | विवरण | एकाई | दर | जम्मा |
|---|---|---|---|---|
| १. | बिउ बिजन | | | |
| २. | औजार | | | |
| ३. | ज्यामी | | | |
| ४. | जग्गा भाडा | | | |
| ५. | सिँचाई आदि | | | |
| ६. | व्यावासायिक योजना (आवश्यकता अनुसार थप्ने वा हटाउने) | | | |
| | **जम्मा** | | | |

जम्मा : व्यवसायिक योजनाको कुल खर्च रु. ........................... (अक्षरेपी ............................................),
लागत सहभागिता प्रतिशत (............) रु. .......................... (अक्षरेपी ...............................................)
नगरपालिकासँग माग गरिएको प्रतिशत (...........) रु. ........................... (अक्षरेपी...............................)
प्रस्तावककको सही ..........................
(निवेदकमध्ये कुनै एक)

**नोटः** बैङ्क वा बित्तीय क्षेत्रबाट ऋण प्राप्तिका लागि चाहिने उद्यम व्यवसायको व्यवसायिक स्कीम/परियोजना प्रस्ताव सम्बन्धित बैङ्क वा बित्तीय संस्थाको ढाँचा र निर्देशन बमोजिम उद्यमी व्यावासायी स्वयंले तयार गर्नु पर्नेछ ।

**अनुसूची ३**

**दफा (८) को उपदफा (२) (क) सँग सम्बन्धित**

# पारिवारिक विवरण

**(यो फारम निवेदकहरुले व्यक्तिगत रुपमा भर्नु पर्नेछ ।)**

१. घरमुलीको नामः ................................................................... (निवेदकसँगको नाता ...................)

२. तपाईको पारिवारको आर्थिक अवस्था कस्तो छ भन्ने सोच्नु हुन्छ ?

.........................................................................................................................................
..

.........................................................................................................................................
..

**३. परिवारको सदस्यको भोगचलानमा रहेको जग्गा जमिनको विवरण**

| स्वामित्वको किसिम | खेत (बिघा) | बारी (बिघा) | घडेरी (बिघा) | जंगल (बिघा) | अन्य (बिघा) | जम्मा |
|---|---|---|---|---|---|---|
| निजी | | | | | | |
| मोही कमाएको | | | | | | |
| ऐलानी | | | | | | |
| गुठी | | | | | | |
| जम्मा क्षेत्रफल | | | | | | |
| अरुलाई कमाउन दिएको | | | | | | |

**४. पशु धन सम्बन्धी विवरण**

| किसिम | अनुमानित मूल्य | अघिल्लो साल बिक्री गरिएको संख्या | पशुधनबाट अघिल्लो साल भएको आम्दानी (रु) |
|---|---|---|---|
| गाई | | | |
| भैंसी | | | |
| खसी बाखा | | | |
| हाँस, कुखुरा आदि | | | |

**५. कृषि उब्जनी सम्बन्धी विवरण**

| मुख्य बालीनालीको प्रकार | गत वर्षको कूल उत्पादन के.जी. | आफुले उपभोग गरेको अनुमानित के.जी. | बिक्री गरेर भएको आम्दानी रकम रु. |
|---|---|---|---|
| धान | | | |
| गहुँ | | | |
| मकै | | | |
| अन्य | | | |

**६. अघिल्लो सालको दुग्ध र मासुजन्य पदार्थको बिक्री विवरण**

| दुग्ध तथा दुग्ध पदार्थ बिक्रीको आम्दानी रु. | अण्डा बिक्री आम्दानी रु. | माछा तथा मासु बिक्रीको आम्दानी रु. | अन्य बिक्रीको आम्दानी रु. |
|---|---|---|---|
| | | | |

**७. फलफुल उत्पादन बिक्री सम्बन्धी विवरण**

| फलफुलका प्रकार | गत वर्षको कुल उत्पादन के.जी. | आफुले उपभोग गरेको अनुमानित के.जी. र रकम रु. | बिक्री गरेर भएको आम्दानी रकम रु. |
|---|---|---|---|
| आँप | | | |
| लिची | | | |
| कागती आदि | | | |

**८. उद्यम सम्बन्धी विवरण (गरेको भए)**

| उद्यमको नाम | उद्यमको उत्पादन | उद्यमबाट भएको वार्षिक आम्दानी रु. |
|---|---|---|
| | | |

९. घरको स्थितिसम्बन्धी विवरण (घरको स्वामित्व, कोठा संख्या, छानो, आकार प्रकार खुलाउनुहोस्)

..........................................................................................................................

..

१०. घरायसी समानको विवरण दिनुहोस् (फर्निचर, टिभि, फ्रिज, पंखा, साइकल, मोटरसाइकल, गाडी आदि जस्ता)

..........................................................................................................................

..

..........................................................................................................................

..

**११. तपाईंको परिवारलाई वर्षभरि आवश्यक खाद्यान्न कसरी पूर्ति हुन्छ ?**

| आफ्नै उत्पादनबाट महिना | व्यापारबाट महिना | ज्याला मजदुरीबाट महिना | ऐचोपैंचो सापटीबाट महिना | ऋण उधारोबाट महिना | जम्मा महिना |
|---|---|---|---|---|---|
| | | | | | १२ |

**१२. तपाईको परिवारले लिएको ऋण सम्बन्धी विवरण**

| ऋणको स्रोत ( बैंक, लघुवित्त, सहकारी) | ऋण लिएको रकम रु. | ऋण लिनुको कारण | तिरेको रकम | तिर्न बाँकी रकम |
|---|---|---|---|---|
| | | | | |

**१३. घर परिवार सदस्य सम्बन्धी विवरण**

| नाम, थर | हालको उमेर | लिङ्ग | वैवाहिक अवस्था | अपाङ्गता छ/छैन | घरमुली सँगको सम्बन्ध | शिक्षा/शैक्षिकस्तर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**१४. कामको खोजीमा रहेका १९ वर्षभन्दा माथिका परिवारका सदस्यको विवरण**

| नाम, थर | सिप र सिपको विवरण | हाल गरिरहेको कामको विवरण | इच्छाएको कामको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**१५. परिवारको अन्य आम्दानीसम्बन्धी विवरण**

| तलब भत्ता बाट रु. | पेन्सनबाट रु. | भाडाबाट रु. | छोराछोरी नातेदारबाट प्राप्त हुने रु. | अन्य आम्दानीबाट रु. |
|---|---|---|---|---|
| | | | | |

**१६. पारिवारिक खर्चसम्बन्धी विवरण**

| खाद्यन्नका लागि रु. | लत्ता कपडाका लागि रु. | शिक्षाका लागि रु. | स्वास्थ्यका लागि रु. | घरभाडा वा मर्मतका लागि रु. | चाडपर्वका लागि रु. | फुटक र खर्च लागि रु. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

फर्म भर्ने निवेदकको नामः ............................................................ हस्ताक्षर ..............................

प्रमाणित गर्ने टोल विकास संस्थाको नाम ..........................................................

पदाधिकारीको नाम, पदः ......................................................... हस्ताक्षर .............................

मितिः ...........................

आज्ञाले

होमनाथ भट्टराई

प्रमुख प्रशासकीय अधिकृत